आज मिति २०८० साल पौष २४ गते बुधबारका दिन यस साकेला गाउँपालिका अध्यक्ष श्री रविप्रकाश राईज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो।

उपस्थिति:-

१, गाउँपालिका अध्यक्ष श्री रविप्रकाश राई
२, गाउँपालिका उपाध्यक्ष श्री निर्दिका राई - अनुपस्थित
३, १ नम्बर वडाअध्यक्ष श्री हेमन्त राई
४, २ नम्बर वडाअध्यक्ष श्री जितेन्द्रकुमार राई - अनुपस्थित
५, ३ नम्बर वडाअध्यक्ष श्री गोविन्द तामाङ
६, ४ नम्बर वडाअध्यक्ष श्री अर्जुनकुमार कटवाल
७, ५ नम्बर वडाअध्यक्ष श्री जीवन क्षत्री
८, कार्यपालिका सदस्य श्री मनकुमारी राई
९, -॥- -॥- श्री सुजना वि.क. - अनुपस्थित
१०, -॥- -॥- श्री सर्मिला कटेल
११ -॥- -॥- श्री मायावती विश्वकर्मा
१२, -॥- -॥- श्री दिपक सुनार -> अनुपस्थित
१३, -॥- -॥- श्री नारबहादुर दर्जी
१४, सदस्य सचिव श्री महेश राई

आमन्त्रित:-

१, सामाजिक विकास अधिकृत श्री दुर्गाबहादुर राई
२, MIS operator श्री डिल्लीमान राई
३, IT officer श्री सोनी राई
४, कार्यालय सहयोगी श्री नरेन्द्रराज [illegible] -

प्रस्ताव तथा कार्यसूचीहरु:-

१, स्थानीय तह स्वःमूल्याङ्कन नतिजा अनुमोदन सम्बन्धमा।
२, जग्गा प्राप्ति सम्बन्धमा।
३, 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्बन्धमा।
४, काठ निकासी करको दररेट पुनरावलोकन सम्बन्धमा।
५, सामाजिक सुरक्षा भत्ता रकम अन्तर्गत निष्क्रिय खाताको रकम फिर्ता सम्बन्धमा।
६, प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम सम्बन्धमा।
७, ऐन, कानून निर्माण तथा संशोधन सम्बन्धमा।
८, कर्मचारीको तलवृद्धि तथा बढुवा सम्बन्धमा।
९, खरिद सम्बन्धमा। संघीय सरकारसमक्ष समपूरक योजना माग सम्बन्धमा।
१०, हिउँदे गाउँसभा सम्बन्धमा। स्थानीय तथा महँगी भत्ता सम्बन्धमा।
११, विविध सम्बन्धमा।

Page No.:
Date :

## निर्णयहरु :-

**निर्णयनम्बर :-१**

प्रस्ताव नम्बर १ माथी छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को सम्बन्धमा गत आ.व. २०७९/०८० मा यस गाउँपालिकाबाट भएका कार्य सम्पादनको सन्दर्भमा LISA को system बाट प्राप्त स्व:मूल्याङ्कनको नतिजा सन्तोषजनक देखिएकाले आगामी वर्षहरुमा थप सुधारात्मक नतिजा प्राप्त गर्न सबै विषयगत शाखाहरु लागि पर्ने र प्राप्त नतिजालाई सम्बन्धित निकायमा पेश गर्नका लागि गा.का. बाट अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णयनम्बर -२,**

प्रस्ताव नम्बर २ माथी छलफल गर्दा साकेला गाउँपालिका-४ स्थित महिला सीप विकास भवनको लागि स्थानीय सावित्रादेवी आचार्य बाट नि:शुल्क रुपमा प्राप्त भएको ६-४-०-१२२-११-१ जग्गा प्राप्ती गर्नका लागि आवश्यक प्रकृया पुरा गरी जग्गा निशुल्क प्राप्ती गर्नका लागि निर्णय पारित गरियो।

**निर्णय नम्बर - ३,**

प्रस्ताव नम्बर ३ माथी छलफल गर्दा 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्रको सम्बन्धमा साकेला गाउँपालिका-१ का व्यवसायी श्री सुमन गुरुङबाट प्राप्त निवेदनको सम्बन्धमा निज व्यवसायीलाई प्रकृया पुरा गरी 'मञ्जुश्री एण्ड आर डि एस बिल्डर्स' नामक निर्माण व्यवसायी इजाजत पत्र 'घ' वर्गको नियमानुसार प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नम्बर -४,**

प्रस्तावनम्बर ४ माथी छलफल गर्दा साकेला गाउँपालिका उपाध्यक्ष विर्तिका राईको अध्यक्षतामा मिति २०८०/०३/०४ गते बसेको बैठक अनुसार यस गाउँपालिकाबाट निकासी हुने गोलीया काठको निकासी कर रु. ५१- अक्षरेपी रु. पाँच प्रति कि.वि. राजश्व संकलन गर्ने निर्णय भएकोमा सोही निर्णयलाई प्राथमिकता दिई राजश्व संकलन गर्ने र सो निर्णयलाई आगामी हिउँदे गाउँसभाबाट ~~थप~~ आर्थिक ऐन संशोधन गर्ने निर्णय गरियो।

Page No.:
Date:

निर्णय नं -११

प्रस्ताव नम्बर ११ माथी छलफल गर्दा यस सोबैला गाउँपालिकाको हिउँदे गाउँसभा आगामी माघ मसान्त भित्र सम्पन्न गर्ने निर्णय। साथ अध्यक्ष ज्यूबाट आजको बैठक यहीं समापन गरियो।

निर्णय नम्बर - ५,

प्रस्ताव नम्बर ५ माथी छलफल गर्दा सबै प्रकारको सामाजिक सुरक्षा भत्ता रकम प्राप्त गर्ने लाभग्राहीहरु मध्ये हाल सम्म पनी आफ्नो खाता सक्रिय नगराउने लाभग्राहीको सन्दर्भमा पुन गाउँपालिकाबाट सूचना जारी गरी वडा कार्यालयमा निष्क्रिय खाता सक्रिय गराउन पहल गर्ने साथै आगामी चौमासिक सामाजिक सुरक्षा भत्ता रकम EFT मार्फत भुक्तानीको लागि पहल गर्ने. साथै आगामी बैंकबाट रकम फिर्ता गर्नुपर्ने लाभग्राहीको विवरण अनुसार संघीय सरकारको खातामा रकम फिर्ता गर्ने निर्णय गरियो।

निर्णय नम्बर - ६,

प्रस्ताव नम्बर ६ माथी छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकार र आइडिए बाट प्राप्त रु. ४७,६५,०००/- रकम तपशिल बमोजिमको वडाहरुको लागि विनियोजन गर्ने निर्णय गरियो।

तपशिल

| | |
|---|---|
| क. चिया खेती विस्तार वडा नम्बर - ३, नागभञ्ज्याङ | रु. १५,०४,८००/- |
| ख. वडा नम्बर १, बाँकेझ्यालडांडा | रु. ११,६२,८००/- |
| ग. वडा नम्बर २, रत्नछहरा | रु. ८,२०,८००/- |
| घ. वडा नम्बर ४, मालतीम | रु. ६,८४,०००/- |
| ङ. वडा नम्बर ५, मालतीम | रु. ५,९२,६००/- |
| कूल जम्मा | ४७,६५,०००/- |

निर्णय नम्बर - ७,

प्रस्ताव नम्बर ७ माथी छलफल गर्दा प्रदेश कानून मन्त्रालय बाट प्राप्त नमूना कानूनको सन्दर्भमा यस साकेला गाउँपालिकाको तपशिल बमोजिमको ऐन, कानुन निर्माण र संशोधन गर्ने निर्णय गरियो।

तपशिल

क. साकेला गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७८

ख. साकेला गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०७८

ग. स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि,२०७८
घ. अर्थ तथा लेखा समिति(गठन तथा सञ्चालन)कार्यविधि, २०७८
ङ. गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन)कार्यविधि,२०७८
च. विधायन समिति (कार्यसञ्चालन) कार्यविधि, २०७८

निर्णय नम्बर -८,

प्रस्ताव नम्बर ८ माथी छलफल गर्दा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा ५ र दफा ८ को उपदफा १३,१६ र १७ मा व्यवस्था भए बमोजिम यस कार्यालय र अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरुको तह वृद्धि बढुवाको लागि सम्बन्धित सेवा,समूह र तहको कर्मचारीको लागि सोही ऐनको दफा २६ को उपदफा ३ को प्रयोजनार्थ सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नम्बर -९

प्रस्ताव नम्बर ९ माथी छलफल गर्दा यस साकेला गाउँपालिका मा सञ्चालन गर्नुपर्ने तपशिल बमोजिमको योजनाहरुलाई संघीय सरकार समक्ष समपूरक योजना माग गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

तपशिल :,

क. बाँकेच्यानडाडा - रतन्हा - मातेनाम्फाड सडक स्तरोन्नती आयोजना - समपूरक अनुदान
ख. नकुहिते खोलाको दिगो व्यवस्थापन कार्यक्रम - विशेष अनुदान
ग. पोखरामेरी नमुनाटोल कार्यक्रम - विशेष अनुदान
घ. पूर्ण प्रविधियुक्त शासन प्रणाली निर्माण कार्यक्रम - विशेष अनुदान
ङ. पूर्ण प्रविधियुक्त शिक्षा प्रणाली निर्माण कार्यक्रम - विशेष अनुदान.

निर्णय नम्बर -१०,

प्रस्ताव नम्बर १० माथी छलफल गर्दा यस साकेला गाउँपालिका अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत सेवा इकाईको कार्यालयमा कार्यरत MIS operator र फिल्ड सहायक कर्मचारीहरुलाई महंगी भत्ता र स्थानीय भत्ता चालु आ.व.२०८०/०८१ देखी नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।